नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लि.

**केन्द्रीय कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
सिंहदरबारप्लाजा, काठमाडौं

मिति : २०८३/०५/०३

## प्रेस विज्ञप्ती

### राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल प्रहरी बीच नेपाल प्रहरी बचत खाता तथा पेशाकर्मी सरल कर्जा सञ्चालन सम्बन्धमा समझदारी

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल प्रहरी बीच नेपाल प्रहरी बचत खाता तथा पेशाकर्मी सरल कर्जा सञ्चालन गर्ने सम्बन्धी समझदारी-पत्रमा हस्ताक्षर भएको छ । मिति २०८३ भदौ २ गते मंगलबार नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौंमा आयोजित कार्यक्रम मार्फत सो समझदारी-पत्रमा हस्ताक्षर भएको हो । उक्त समझदारी-पत्रमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल र नेपाल प्रहरीको तर्फबाट प्रहरी महानिरीक्षक दान बहादुर कार्कीले हस्ताक्षर गर्नुभएको छ ।

राष्ट्रिय वाणिज्य बैंकमा बिगत १० वर्षदेखि नेपाल प्रहरीमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको तलबी खाता सञ्चालन गर्दै आएको थियो । सो सम्झौताको अवधि समाप्त भएकोले नवीकरण गरिएको र सम्झौता नविकरण गर्ने क्रममा थप सुविधा सहित कर्जाको सीमा समेत बढाईएको छ ।

समझदारी-पत्रमा उल्लेख भए अनुसार बिना धितो पेसाकर्मी सरल कर्जा तथा अवकाश प्राप्त कर्मचारीहरूको आश्रित परिवार समेतका लागि आवश्यक पेन्सन वितरण र कर्जा लगानी सम्बन्धी थप सेवा सहित ५ वर्षको लागि सम्झौता नवीकरण गरिएको छ । पेसाकर्मी सरल कर्जा १५ लाख, पेन्सन कर्जा ५ लाख र बैंकको उपभोक्ता कर्जा निर्देशिकाको अधिनमा रहेर २० वर्षसम्मको लागी ५० लाख रुपैयाँ सम्मको घर कर्जा प्रहरी कर्मचारीलाई उपलब्ध गराईने छ । प्रहरी कर्मचारीलाई सवारी साधन खरिद गर्न गाडी कर्जा तथा न्यून ब्याजदरमा प्रहरी कर्मचारीका सन्ततीलाई शैक्षिक कर्जा उपलब्ध गराईने समझदारी-पत्रमा उल्लेख छ । साथै प्रहरी कर्मचारीहरूको दुर्घटनामा परि मृत्यु वा पूर्ण अपाङ्ग भएमा ५ लाख सम्मको बिमा सुविधा पनि उपलब्ध हुनेछ ।

वि.सं. २०२२ साल माघ १० गते पूर्ण सरकारी स्वामित्वमा स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले हाल ७ वटै प्रदेशका ७७ जिल्ला सदरमुकामसहित दुर्गम क्षेत्रलाई समेत समेट्ने गरी ३१६ शाखा कार्यालयहरु तथा ३३५ एटिएम् टर्मिनल मार्फत ४८ लाख भन्दा बढी ग्राहकलाई निक्षेप, कर्जा सहित एटिएम, मोबाईल बैंकिङ लगायतका आधुनिक डिजिटल बैंकिङ सेवाहरु उपलब्ध गराईरहेको छ ।

............................
भीम प्रसाद घिमिरे
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी


सत्य सेवा सुरक्षणम्
NEPAL POLICE

